२. **स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम १ मा संशोधन:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को उपनियम (१) मा रहेको "पैतीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "साठी लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएको छ ।

**आज्ञाले,**
**पूर्णचन्द्र भट्टराई**
**नेपाल सरकारको नि.सचिव**

नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सो ही नियमहरुको अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेको छ :-

१. खण्ड (क) को,-

(१) क्रमसङ्ख्या १ को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"महाशाखा प्रमुख
केन्द्र प्रमुख
सहसचिव (प्रा.)"

(२) क्रमसङ्ख्या २ को राजपत्रङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"वातावरण अधिकृत
वन उद्यम अधिकृत



१००४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वृक्षारोपण अधिकृत

वन वीउ अधिकृत

कबुलियती वन अधिकृत

भू-सूचना व्यवस्थापन अधिकृत

वन संवर्धन अधिकृत

सहरी वन विकास अधिकृत"

(३) क्रमसङ्ख्या ३ को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"सहायक सामुदायिक वन विकास अधिकृत

सहायक वृक्ष सुधार अधिकृत

जिल्ला भू-संरक्षण अधिकृत"

२. खण्ड (ख) को, -

(१) क्रमसङ्ख्या १ को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"महाशाखा प्रमुख

केन्द्र प्रमुख

सहसचिव (प्रा.)"

(२) क्रमसङ्ख्या २ को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"तालीम अधिकृत

प्रविधि विकास अधिकृत

अनुगमन अधिकृत

जलाधार व्यवस्थापन अधिकृत"

(३) क्रमसङ्ख्या ३ को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"सहायक प्रविधि विकास अधिकृत

सहायक जलाधार व्यवस्थापन अधिकृत"

३. खण्ड (ग) को, -



१००५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(१) क्रमसङ्ख्या १ को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"महाशाखा प्रमुख

केन्द्र प्रमुख

सहसचिव (प्रा.)"

(२) क्रमसङ्ख्या २ को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"अनुगमन तथा मूल्याङ्कन अधिकृत

तालीम अधिकृत

अनुसन्धान अधिकृत"

(३) क्रमसङ्ख्या ३ को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छः-

"सहायक तालीम अधिकृत"

४. खण्ड (घ) को, -

(१) क्रमसङ्ख्या १ को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"केन्द्र प्रमुख

सहसचिव (प्रा.)"

(२) क्रमसङ्ख्या २ को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छः-

"तालीम अधिकृत"

(५) खण्ड (ङ) को, -

(१) क्रमसङ्ख्या १ को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन्:-

"केन्द्र प्रमुख

सहसचिव (प्रा.)"

(२) क्रमसङ्ख्या २ को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा



१००९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायको पद थपिएको छः-

"तालीम अधिकृत"

(३) क्रमसङ्ख्या ३ को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छः-

"सहायक तालीम अधिकृत"

आज्ञाले,

उदय चन्द्र ठाकुर

नेपाल सरकारको सचिव



१००६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार